# तेह्रथुम जिल्लामा विकास व्यवस्थापनसँग सम्बन्धित सवाल/समस्यामा

# छलफल तथा अन्तरक्रिया कार्यक्रम

आज मिति २०८१/०७/११ गते आइतबारका दिन प्रमुख जिल्ला अधिकारी श्री मीना अर्यालज्यूको अध्यक्षता, प्रदेश सभाका सदस्य माननीय दुर्गा प्रसाद चापागाईज्यूको प्रमुख आतिथ्यता, प्रदेश सभाका सदस्य माननीय कमला दर्नालज्यूको विशेष आतिथ्यता, जिल्ला समन्वय समितिका प्रमुखज्यू स्थानीय सरकारका प्रमुखज्यूहरु, जिल्ला समन्वय समितिका उप-प्रमुखज्यू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरुको उपस्थितिमा निम्नानुसारको देहायका विषयमा छलफल गरी निर्णयहरु गरियो।

**प्रमुख अतिथि**

माननिय दुर्गा प्रसाद चापागाई, प्रदेश सभा सदस्य, कोशी प्रदेश

**विशेष अतिथि**

माननीय कमला दर्नाल, प्रदेश सभा सदस्य, कोशी प्रदेश

श्री गुमान सिं ईस्वो, प्रमुख जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

**उपस्थितिः**

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री मीना अर्याल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ./ अध्यक्ष |
| | श्री श्री प्रसाद कार्की, | जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम | उप-प्रमुख |
| | श्री सञ्जय कुमार तुम्बाहाङ्फे | म्याङलुङ नगरपालिका | नगर प्रमुख |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
| --- | --- | --- | --- |
| | श्री दिल कुमार पाहीम | आठराई गाँउपालिका | अध्यक्ष |
| | श्री यादव बहादुर खापुङ | मेन्छयायेम गाँउपालिका | अध्यक्ष |
| | श्री केशव भेटुवाल | फेदाप गाँउपालिका | अध्यक्ष |
| | सन्तविर तिगेला | छथर गाँउपालिका | अध्यक्ष |
| | श्री जमुना मगर कार्की | लालीगुराँस नगरपालिका | उप-प्रमुख |
| | श्री अर्जुन तुम्वाहाम्फे | नेपाली काङ्ग्रेस, तेह्रथुम | सभापती |
| | श्री | नेकपा एमाले, तेह्रथुम | |
| | श्री इन्द्र बहादुर इम्सङ | नेकपा माओवादी केन्द्र, तेह्रथुम | संयोजक |
| | श्री | राष्ट्रिय स्वतन्त्र पार्टी, तेह्रथुम | |
| | श्री | जनता समाजवादी पार्टी, तेह्रथुम | |
| | श्री योगेन्द्र गड्तौला | नेकपा एकिकृत समाजवादी, तेह्रथुम | अध्यक्ष |
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री किरण प्रकाश खत्री | सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म हे.क्वा. | स.प्र.ना.उ. |
| | श्री सविना राई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | श्री रोशन कामती | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.नि. |
| | श्री कृष्णबाबु रिजाल | कोष तथा लेखा नियन्त्रक कार्यालय | कोष प्रमुख |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री गोविन्द ढुंगाना | नेपाली काङ्ग्रेस, तेह्रथुम | पुर्व सभापती |
| | श्री संझना ढुंगाना | नापी कार्यालय म्याङ्गलुङ्ग | नापी अधिकुत |
| | श्री सुदिप झा | बसन्तपुर नयाँ शहर आयोजना कार्यालय | ~~ईन्जिनियर~~ आ.प्र. |
| | श्री सन्तोष शाह | सडक डिभिजन, धनकुटा | ईन्जिनियर |
| | श्री प्रमानन्द मेहता | सघन शहरी तथा भवन निर्माण आयोजना,धनकुटा | ईन्जिनियर |
| | श्री शोभाकात रौनियार | पुर्वाधार विकास कार्यालय,संखुवासभा | सि.डि.ई. |
| | श्री फडिन्द्र थापा | स्वास्थ्य कार्यालय, तेह्रथुम | का.प्र. |
| | श्री राजिव ढुंगाना | तेह्रथुम उद्योग वाणिज्य संघ, तेह्रथुम | अध्यक्ष |
| | श्री अमृत वास्तोला | नेपाल पत्रकार महासंघ, तेह्रथुम | अध्यक्ष |
| | श्री दिपक भण्डारी | जिल्ला निर्वाचन कार्यालय,तेह्रथुम | का.प्र. |
| | श्री रितु विष्ट | परियोजना कार्यान्वयन इकाई,तेह्रथुम/ धनकुटा | ना.सु. |
| | श्री दिपक उप्रेती | मालपोत कार्यालय,तेह्रथुम | नि.का.प्र. |
| | श्री डिक बहादुर शंखर | जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम | सदस्य |
| | श्री कृष्ण विदुखी | टी.टी.एम अनलाईन | पत्रकार |
| | श्री बविता राई | तिनजुरे टाइम | पत्रकार |
| | श्री विरेन्द्र लिम्बु | रेडियो मेन्छयायेम | पत्रकार |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री सौनदरिया सुहाङ | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय,तेह्रथुम | इन्जिनियर (६ठौं) |
| | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. |
| | बाल कृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

छलफलका विषयहरु

- जिल्लामा सञ्चालित विकास आयोजना सम्बन्धी
- खानेपानी आयोजना सम्बन्धी
- सिँचाई आयोजना सम्बन्धी
- भवन आयोजना सम्बन्धी
- अन्य विषय

निर्णयहरू:

१. यस जिल्लामा सबैखालका विकास निर्माणका कार्यलाई यथासमयमा गुणस्तरीय हिसाबले सम्पन्न गर्न सबै राजनीतिक दल, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र, संघसंस्था र स्थानीयवासी सबै एकजुट हुने।

२. पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत तेह्रथुम जिल्लाभित्र पहिरोको कारण सडक किनारामा ढुंगा-माटो थुप्रिएकाले आवत जावतमा असुविधा तथा सडकमा क्षति पुगेकोले ७ दिनभित्र उक्त सडक सफा गरी सो को लिखित जानकारी सम्बन्धित कार्यालयले जिल्ला प्रशासन कार्यालयमा पठाउने।

३. पुष्पलाल (मध्यपहाडी) राजमार्गको खरुङ्वा देखि यावरासम्मको १० कि.मी. खण्ड निर्माण व्यावसायीको लापरवाहीको कारण विगत ९/१० वर्षदेखि अलपत्र भएकोमा पछिल्लो समयको सहमति बमोजिम निर्माण व्यावसायीले २०८१ पुससम्म कालोपत्रेको कार्य सम्पन्न गर्ने। अन्यथा त्यसबाट उत्पन्न हुन सक्ने विषम परिस्थितिको लागि सम्बन्धित आयोजना प्रमुख र निर्माण व्यावसायी जवाफदेही हुने।

४. विगत १३ वर्षदेखि अलपत्र तेह्रथुम-पाँचथर जोड्ने तमोर नदीस्थित लम्बुघाट पुलको बाँकी काम हाल सबैतिरबाट भइरहेको पहल र व्यक्त प्रतिवद्धता बमोजिम सम्बन्धित आयोजना प्रमुख र निर्माण व्यावसायी पूर्ण रुपमा जिम्मेवार र जवाफदेही हुने। कार्य प्रगितको अनुगमन जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयले संयुक्त रुपमा गर्ने।

५. यस जिल्लामा अझ पनि कतिपय ठाँउ सुख्खाग्रस्त रहेका, खानेपानी पुऱ्याउन नसकिएकाले त्यस्ता सुख्खाग्रस्त ठाँउ/बस्तीको सबै स्थानीय तहले पहिचान गरी सो को विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने।

६. बृहत खानेपानी आयोजना आठराई सम्बन्धी

"बृहत खानेपानी आयोजना आठराई" को लागि कोशी प्रदेश सरकारबाट रु. २० करोड ६२ लाख विनियोजित भएको, उक्त आयोजना संचालनका लागि आठराई गाँउपालिका वडा नं.- २ खाम्लालुङ्ग हुँदै बग्ने कोया खोला र खुङरिङ खोलाको खेर गएको पानी उपयोग हुने, उक्त आयोजनाबाट आठराई गाउँपालिकाको वडा नं.- १, संक्रान्तिबजार, आठराई गाउँपालिकाको वडा नं.- ५, छातेढुङ्गा, आठराई गाउँपालिकाको वडा नं.- ६ चुहानडाँडा र आठराई गाउँपालिकाको वडा नं.- ७ थोक्लुङ्ग गरी ४ बटा वडामा नागरिकहरुलाई खानेपानी उपलब्ध गराइने उद्देश्य रहेको। उक्त आयोजना सन्चालनमा केही स्थानीयवासीले निरन्तर अवरोध गरेका कारण आयोजना लामो समयदेखि अलपत्र परेको अवस्था छ। उक्त स्थानका केही स्थानीयवासीले मिति २०८०/११/१२ मा उच्च अदालत धनकुटामा आयोजना रोक्न रिट दायर गरेकोमा सम्मानित उच्च अदालतबाट मिति २०८१/०२/३० गते रिट खारेज भएको अवस्था छ। तत् पश्चात पनि आयोजना अगाडि बढाउन केही स्थानीयबाट अवरोध हुदै आएकोले आयोजना अगाडि बढ्न नसकेको अवस्था छ।

**माथि उल्लिखित पृष्ठभूमिमा बृहत खानेपानी आयोजना आठराईका सम्बन्धमा निम्नानुसार गर्ने, गराउनेः**

क. खानेपानी मान्छेको जीवन हो। सो उपलब्ध गराउनु सरकारको दायित्व हो, नागरिकको अधिकार हो। साथै अहिले तेह्रथुमबाट अन्यत्र बसाई सरी जानेको संख्या तीव्र रुपमा बढेको सन्दर्भमा खानेपानी अभावमा यस जिल्लाबाट बसाइसराई झनै तीव्र हुने देखिएकाले उक्त खानेपानी आयोजना संचालन गर्न सबैले सहयोग गर्ने।

ख. माथि उल्लेखित ४ वटा वडाभित्र खानेपानी लैजाँदा खाम्लालुङ्गको अलैंची खेतीमा समेत असर नपुग्ने गरी पानीको मात्रा, पानी लैजाने समय, पानी लैजाने स्थान, पानी ट्यांकीको स्थान लगायतका विषयमा प्राविधिक, स्थानीय बासिन्दा, राजनीतिक दलका प्रतिनिधि, स्थानीय सरकार, सुरक्षा निकाय समेतले स्थलगत निरीक्षण गरी सबै विषयमा छलफल गरी सम्मानित अदालतको फैसला समेतलाई आधार मानी अघि बढ्ने।

७. जिल्लामा सञ्चालित सबै सिँचाइ आयोजनाहरु विवादरहित ढंगले गुणस्तरीय रुपमा सम्पन्न गर्ने।

८. मिति २०८१/०७/०७ गतेको जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठकबाट निर्णय भए बमोजिम २०८१/०६/०८ देखी २०८१/६/१२ सम्म भएको अविरल वर्षाका कारण गएको पहिरोबाट घर पुरिई पूर्ण रुपमा क्षति भएका व्यक्तिको लागि सम्बन्धित पालिका र वडाले तत्काले आवास/भवन निर्माण थाल्ने।

९. जिल्लाभित्र निर्माणाधिन सबै खाले भवनहरु तोकिएको मापदण्ड बमोजिम यथासमयमा सम्पन्न गर्ने। यसको अनुगमन जिल्ला समन्वय समिति/जिल्ला प्रशासन कार्यालयले संयुक्त रूपमा गर्ने।